"पाँचखाल नगर-कृषि सहर"

# पाँचखाल नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पत्र सङ्ख्या : २०८२।०८३
चलानी नं. :

पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाँचखाल, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल

**नगर प्रहरी सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना!**

(प्रथम पटक प्रकाशन मिति :- २०८२/०५/११)

पाँचखाल नगरपालिकाको प्रशासन शाखा अन्तर्गत रहने गरी देहायको पद, सङ्ख्या र योग्यता भएको **नगर प्रहरी कर्मचारी** करारमा राख्नुपर्ने भएकाले निम्न बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको **१५ (पन्ध्र) दिनभित्र** माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित कार्यालय समयमा दरखास्त पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। विज्ञापन सम्बन्धी विस्तृत विवरण कार्यालय वा वेभसाइटबाट उपलब्ध हुनेछ।

**देहाय :**

| विज्ञापन नं. | पद | सङ्ख्या | समूह | दरखास्त दस्तुर |
|---|---|---|---|---|
| १२-२०८२/८३ | **नगर प्रहरी जवान** | २ (दुई) | **खुला** | **रु. ६०० (छ सय रुपैयाँ)** |

(क) **नगर प्रहरी जवानको लागि** : दरखास्त बुझाउने अन्तिम मितिमा पूर्व सुरक्षाकर्मी (नेपाली सेना, नेपाल प्रहरी र शसस्त्र प्रहरी बल नेपाल) को हकमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको र अन्यको हकमा १८ वर्ष पुरा भइ ३५ वर्ष **ननाघेको, साधारण लेखपढ गर्न सक्ने,**

(ख) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको, कुनै राजनीतिक पार्टीको सदस्य नरहेको, **पुरुषको लागि कम्तीमा ५ फिट २ इन्च र महिलाको लागि कम्तीमा ५ फिट उचाई भएको, छाती नफुलाउँदा कम्तीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,** स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको । नेपाली नागरिकता प्राप्त गरेको,

२. **दरखास्तसाथ संलग्न गर्नुपर्ने कागजातहरु** : उम्मेदवारको व्यक्तिगत विवरण, २ प्रति पासपोर्ट साइजको फोटो, शैक्षिक प्रमाण पत्र (लब्धाङ्क पत्र र चारित्रिक प्रमाण पत्र) को प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयम्ले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ। यसपूर्व नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलमा काम गरेका उम्मेदवारले सम्बन्धित निकायबाट सेवा गरेको अनुभवपत्र दरखास्तफाराम सँगै बुझाउनु पर्नेछ।

३.**परीक्षाको किंसिम** :-शारीरिक परीक्षण, लिखित र अन्तर्वार्ता।

४. **दरखास्त दस्तुर बुझाउने तरिका** : पाँचखाल नगरपालिका राजस्व शाखामा तोकिएको राजस्व तिरी प्राप्त रसिद दरखास्त फारामसाथ पेस गर्नुपर्नेछ।

५.**दरखास्त दिने स्थान** :- पाँचखाल नगर कार्यपालिकाको कार्यालय, प्रशासन शाखा।

६.**दरखास्त दिने अन्तिम मिति** :- २०८२/०५/२५ (कार्यालय समयभित्र) सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको अर्को दिन।

७. **सेवा सुविधा तथा अन्य** : ***पाँचखाल नगरपालिकाको नगर प्रहरी ऐन, २०८०*** बमोजिम हुनेछ।

८.**तलब स्केल** : नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।

.....................

पुरुषोत्तम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

**पुरुषोत्तम सापकोटा**
**प्रमुख प्रशासकीय अधिकृत**